terre des hommes
Help for Children in Need

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

# नीति पत्र

हुरेन्डेक-नेपाल
HuRENDEC-NEPAL

अंक ४

मानव अधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक, नेपाल)

ग्रामीण हिमाली क्षेत्रमा दिगो जीविकोपार्जन तथा जैविक विविधता संरक्षण (शुलभ) परियोजना

मार्च २०२३


# कृषि तथा वनजन्य उद्यमका नीतिगत अवसर र हिमाली क्षेत्रमा कार्यान्वयनमा चुनौती

# Policy Opportunity in Agriculture and Forest Based Enterprise and Challenge for Implementation in Himalayan Region

## १. परिचय



नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक प्रदान गर्दै जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकतालाई ध्यानमा राखी कानुनी शर्त पालना गर्ने गरी सबै उद्योग, व्यापार तथा व्यवसाय स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता प्रदान गरेको छ । प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर पर्न सक्ने अवस्थालाई निर्मुल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्दै, प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्दै हरेक नागरिकले एकल वा संयुक्त रुपमा उद्योग व्यवसाय सञ्चालन गरी जीवनस्तर उकास्न सक्नेछन् । यसका लागि राज्यले विभिन्न नीति तथा कानुन र संस्थागत संयन्त्रहरु बनाउँदै आएको छ । कृषि तथा वनमा आधारित उद्योग तथा स्थानिय लघु उद्यमको रुपमा रहेका कृषि तथा वनजन्य उद्यमहरु को विकास र प्रवर्द्धनका लागि नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ जसले स्थानीय जनताको जीविकोपार्जन, रोजगार श्रृजना र देशको अर्थतन्त्र विकासमा उल्लेख्य योगदान पुगेको छ । यद्यपी निर्धारित कानुन तथा नीतिहरु आर्थिक, सामाजिक तथा भौगोलिक असहजताका कारण कार्यान्वयनमा चुनौती रहेको पाईन्छ । त्यसैले यस नीति पत्र मार्फत कृषि तथा वनजन्य उद्यमका नीतिगत अवसर र यसका कार्यान्वयनमा चुनौती सम्वन्धि सर्वसाधारण कृषक, उत्पादक समुह तथा उपभोक्तालाई जानकारी गराउनु हो ।

### १.१ कृषि तथा वनजन्य श्रोतमा आधारित उद्यमहरू

नेपालमा करिब २१.८८ प्रतिशत कृषियोग्य जमित र यसको ठिक दोब्बर ४४.७४ प्रतिशत वन क्षेत्र छ । कृषिक्षेत्र बाट मात्रै जनसंख्याको ६५ प्रतिशत रोजगारी श्रृजना भएको छ । अर्थ मन्त्रालय, २०१९ को तथ्याँक अनुसार वन क्षेत्र, कृषि क्षेत्र तथा माछा पालनले नेपालको आर्थिक विकासमा करिव २६.९८ प्रतिशत योगदान पुऱ्याएको छ । तर तुलनात्मक हिसावले वनजन्य उद्यमबाट नेपालको अर्थिक विकास तथा समृद्धिमा उल्लेख्य मात्रामा योगदान पुर्याउन सकेको छैन जसका कारण श्रोतको उचित तथा दिगो व्यवस्थापन हुन सकेको छैन । कृषि तथा वनजन्य श्रोतलाई दिगो व्यवस्थापन गर्न विभिन्न किसिमका उद्यम संचालन गर्न सकिन्छ । नेपालमा कृषि तथा वनजन्य श्रोतमा आधारित सम्भावित उद्यमहरु यस प्रकार छन् ।

| कृषिजन्य उद्यम | वनजन्य उद्यम |
|---|---|
| • तरकारी/फलफुल खेति, रेशम खेति तथा प्रशोधन<br>• पुष्प खेति, दुग्ध उद्योग, चिया/कफि खेति तथा प्रशोधन<br>• हरित गृह स्थापना र सञ्चालन<br>• नगदेवाली (ऊखु, कपास, सनपाट, सजिवन, जुट, अलैंची, अदुवा आदि) खेति<br>• पशुपंछी तथा जनावर पालन उद्यम<br>• मौरीपालन (मह उत्पादन प्रशोधन र प्रजनन)<br>• जैविक मल उत्पादन उद्यम | • काठ तथा फर्निचर उद्यम<br>• जडिबुटी तथा गैरकाष्ठ (वेत तथा वाँस) उद्यम<br>• पर्यापर्यटन तथा वनस्पति उद्यान<br>• वातावरणीय सेवा तथा कार्वन व्यापार उद्यम<br>• हरियाली उर्जा उद्यम<br>• खनिजजन्य उद्यम<br>• वनस्पति प्रजनन् व्यवसाय (Tissue Culture)<br>• मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन |

## २. कृषि तथा वनजन्य उधमका नीतिगत अवसर

नेपालमा कृषि तथा वनमा आधारित उद्यमसँग सम्बन्धित धेरै कानुन र नीतिहरू छन् । कृषि तथा वनमा आधारित उद्यमहरुको सफल स्थापना र व्यवस्थापनलाई सो सम्बन्धी कानुनले मात्र नभई उद्योग, वातावरण, जैविक विविधता, प्राकृतिक स्रोतहरू, औधोगिक व्यवसाय, सहकारी लगाएत विभिन्न क्षेत्रका कानुनहरू तथा ऐनद्वारा पनि नियमन गरिन्छ । नेपालको उद्योग सम्वन्धि नीति तथा कानुनले कृषि तथा वन पैदावरमा आधारित उद्योग लाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगका रुपमा राखेको छ र सो सम्वन्धि उद्यम सञ्चालनका लागि विभिन्न अवसरहरु श्रृजना गरेका छन् ।

### • कृषि तथा वन सहकारी संस्था



कृषि तथा वन सहकारी संस्था श्रोतको सदुपयोग गर्दै वस्तु उत्पादन तथा विक्रि वितरण गर्ने महत्वपूर्ण माध्यमको रुपमा मानिन्छ । कृषि तथा वन उद्यम सम्बन्धी कार्यहरु गर्नका लागि सामुहिक रुपमा पूँजी जुटाउन र स्थानीय समुदाय विशेषत विपन्न वर्ग, महिला तथा सीमान्तकृत वर्गलाई समेत उद्यममा संलग्न गराउन सहकारी ऐन २०४८ बमोजिम स्थापना गरिने कृषि तथा वन सहकारी संस्था उपयोगी मानिन्छ । यसैगरी औधोगिक नीति २०६७ अनुसार लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानुनी व्यवस्था गर्दै संस्थागत संरचना तथा पूर्वाधारको निर्माण कार्यलाई प्राथमिकता दिईएको छ । लघु उद्यम र घरेलु तथा साना उद्योगहरु वस्तु उत्पादनका लागि आवश्यक पूँजी जुटाउनका लागि यस्ता संस्थाले महत्वपूर्ण भूमिका खेल्न सक्छ । नेपालमा यस्ता संस्थाको संख्या हजारौं रहेका छन् जसका कारण पनि सहकारी संस्थाहरुले विभिन्न छुट तथा अनुदान पाउने व्यवस्थाहरु गरिएको छ ।

### • कृषक तथा वन उपभोक्ता समुह

वन र कृषि समूहहरू प्राकृतिक स्रोतहरूमा समुहहरूको प्रत्यक्ष्य संरक्षणको अधिकार सहित सहि सदुपयोग गरि भूमिहीन, महिला र साना किसानहरू, र वनमा आधारित सीमान्त समुदायहरूको दिगो जीविकोपार्जनका मुद्दाहरूलाई सम्वोधन गर्ने उद्देश्यका साथ स्थापना भएका हुन् । प्राकृतिक श्रोतहरुको सदुपयोगका लागि कृषि तथा वन संग सम्वन्धित अन्य थुप्रै समुहहरु क्रियाशिल छन् जसले औधोगिक ऐन २०७३ अनुसार कृषि तथा वन उद्योगको रुपमा उद्योग सञ्चालन गर्न सक्दछन् र समुहले आफ्नो व्यवसायको चुस्त रुपमा लेखा व्यवस्थापन गरी कानूनद्वारा निर्धारित मापदण्ड तथा कर तिर्ने प्रावधान रहेको छ ।

### • कृषि तथा वनजन्य श्रोतको उपयोग

कृषि तथा वन क्षेत्रको विकास, विस्तार तथा जडिबुटी लगायत कृषि तथा वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धनका लागि निश्चित वन क्षेत्र कबुलियती गरी उपयोग गर्ने प्रावधान रहेको छ । निर्वाहमुखी किसानहरूले परम्परागत रूपमा पुस्तादेखि आफ्नो जमिनमा वन र कृषि अभ्यासहरू खुसीसाथ गर्दै आईरहेका छन् । खेतको छेउमा खण्डित वन प्लटहरूले किसानहरूलाई इन्धन काठ, घाँस जस्ता वस्तुहरू उपलब्ध गराएको छ, र रुखहरूले जैविक विविधताको संरक्षण, भुक्षय नियन्त्रण  र कार्बन डाइअक्साइड खपत गर्छन् । वास्तवमा, जङ्गलहरूले कुल प्रयोग हुने ईन्धन काठको लगभग ९० प्रतिशत र पशुहरूलाई खुवाउन प्रयोग हुने चाराको ५० प्रतिशत भन्दा बढी आपूर्ति गर्दछ । कृषि वन देशको अर्थतन्त्रको मुख्य आधार पनि हो।









### • कृषि तथा वनमा आधारित उद्यम श्रृजना

प्राकृतिक श्रोतको आधारमा स्थानीयको जीविकोपार्जनलाई टेवा पुर्‍याउने उद्देश्यका साथ उद्यम श्रृजना गर्न सकिनेछ । वन तथा कृषि पैदावरमा आधारित अधिकाँश उद्योगहरु घरेलु तथा साना उद्योगको रुपमा दर्ता र संचालित छन् र यस्ता उद्यमहरु लघु उद्यमसंग मेल खान्छन् । विगतमा वन तथा कृषि पैदावारमा आधारित लघु उद्यमहरु औद्योगिक नीतिका आधारमा सञ्चालित थिए । अब औद्योगिक व्यवसाय ऐन २०७३ मा नै लघु उद्यमसम्बन्धी विशेष व्यवस्था गरिएकोले स्थानीय स्तरमा वस्तु उत्पादन गर्ने कृषि तथा वन उद्यमहरु लघु उद्यमको रुपमा सञ्चालित हुने अवसर सिर्जना भएको छ । उक्त ऐन अनुसार लघु उद्यम दर्ता गर्दा दस्तुर नलाग्ने, स्थानीय तहको सिफारिस आवश्यक नपर्ने, सरजमिन गर्नुपर्ने

प्रकृतिको लघु उद्यमको हकमा मात्र वडाको सिफारिस आवश्यक हुने, लघु उद्यममा ५ वर्षसम्म आयकर नलाग्ने र अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न लघु उद्यम, घरेलु तथा साना उद्योग र सहकारीलाई लघु, घरेलु तथा साना उद्यम विकास कोषबाट अनुदानको रुपमा बीउ पूँजी उपलब्ध हुन सक्ने व्यवस्था गरिएको छ । राष्ट्र बैंकले पनि कृषि, ऊर्जा, पर्यटन र साना तथा मझौला उद्योग लगायतका प्राथमिकताका क्षेत्रमा लगानी गर्न अनिवार्य रुपमा सबै बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन दिएको छ ।



## ३. हिमाली क्षेत्रमा उद्यम संचालनमा चुनौती



कृषि, वन तथा जैविक विविधता संरक्षण कार्यलाई तीन तहका सरकार, कृषिवन समूह र निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु, जैविक विविधता संरक्षण कार्य र सामाजिक-आर्थिक विकास बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौतिहरु हुन् । कृषिवन क्षेत्रबाट उत्पादित बस्तु तथा सेवाहरुको विस्तार र तिनबाट प्राप्त लाभको न्यायिक बाँडफाँड गर्न नसक्नु, उपलब्ध क्षेत्र, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्न नसक्नु हिमाली क्षेत्रका प्रमुख चुनौति हुन् । कृषिवन उद्यम विकासको लागि कृषिमा आश्रित परिवारहरुको न्युन भुस्वामित्व, मझौला र साना किसानहरुको बाहुल्यता, निर्वाहमुखी खेती प्रणाली, मलको संकट, उन्नत प्रविधिको अपर्याप्तता, प्राविधिक ज्ञानको कमी आदिले समस्या श्रृजना भएको छ । उपयुक्त कृषि वन उद्यम लागू गर्न जमिनको आकार, भौगोलिक अवस्था र विद्यमान र सम्भावित बजार माग अनुसार प्राविधिक ज्ञान, गुणस्तरीय सामग्री र अन्य पूर्वाधार आवश्यक पर्ने हुनाले हिमाली क्षेत्रमा समस्या छ । लघुवित्त संस्था तथा सहकारीहरू हिमाली क्षेत्रमा सिमित मात्रामा उपलब्ध छन् तर किसानको पहुँच अनि ऋणको उच्च ब्याज साथै बीमाको असुविधाका कारण पनि किसानलाई उद्यम श्रृजना गर्न समस्या रहेको छ । यसका साथै जोश तथा जाँगरका साथ काम गर्ने युवाहरु वैदेशिक रोजगारमा आकर्षित हुने भएकाले पनि समुदायको शीप वाहिरिने चुनौती छ ।

## ४. नीतिगत चुनौती

- कृषि तथा वन उद्यम दर्ता गर्दा जग्गाधनी प्रमाणपुर्जा आवश्यक पर्ने तर उपभोक्ता/उत्पादक समूह वा भूमिहिनहरुको आफ्नो जग्गा नहुनाले उद्योग दर्ता गर्न समस्या रहँदै आएको छ ।
- सहकारी सम्बन्धी कानूनी व्यवस्था र विभिन्न परिपत्रहरुले वन तथा कृषि सहकारीलाई सिमिति क्षेत्रमा काम गर्ने निर्देशन दिइएको छ, जसले गर्दा वन तथा कृषि सहकारी संस्थाले उद्यमका लागि वन पैदावार तथा कृषिजन्य उपज प्राप्त गर्न नै समस्या भइरहेको छ ।
- स्थानीय स्तरमा स-साना कृषि तथा वन उद्यम गर्न चाहनेका लागि भने वातावरणीय मापदण्डहरु जस्तै प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्याँकन पालन गनुपर्ने हुन्छ जुन कार्य वातावरणको हकमा उचित भएता पनि पहाडी तथा हिमाली क्षेत्रमा सो

परिक्षण निकै कठिन छ ।

- कृषि तथा वन पैदावारमा आधारित वस्तु ओसार-पसार गर्दा सो सन्वन्धित कार्यालय, करसम्बन्धी निकाय र सुरक्षा निकाय समेतले अवरोध सृजना गर्ने वा अतिरिक्त कागजात माग गर्नाले ओसार-पसारमा कठिनाई उत्पन्न भएका छन ।
- हिमाली क्षेत्र जडिबुटिको दृष्टिकोणले धनि छ र अन्तराष्ट्रिय वजारमा पनि अत्याधिक माग रहेता पनि संकलन तथा ओसार पसार गर्न आवश्यक पर्ने कागजी प्रकृया पुरा गर्न ज्ञानको कमि हुनु, अन्तराष्ट्रिय मापदण्डका वारेमा जानकारी नहुनु पनि चुनौति रहेको छ ।
- वाली तथा पशुधन वीमा सम्वन्धि व्यवस्था निर्देशिकामा जारी भएता पनि क्षति भएको अवस्थामा वीमा वापत पाईने रकम प्राविधिक वा विशेषज्ञको प्रतिवेदनका आधारमा निर्णय हुने भएकोले यो कार्य पनि निकै समय लाग्ने र खर्चिलो रहेको छ ।
- स्थानीय स्तरमा उत्पादित वस्तुहरुलाई प्राथमिकता नदिई वाह्य तथा आयातित वस्तुहरु सर्वत्र तथा सहज रुपमा वजारमा पाउनाले पनि स्थानिय उद्यम जोखिम र वस्तु खपतमा चुनौती रहेको छ ।

माथी उल्लेखित अवसरलाई वास्तविकतामा परिणत गर्न र चुनौतीहरुको समाधानका लागि कृषि तथा वन सम्वन्धित व्यवसायलाई सहजीकरण र उत्प्रेरित गर्दै उद्धार नीतिलाई बलियो बनाउनुपर्छ र तिनै तहका सरकारी निकाय, सरोकारवाला, स्थानीय उत्पादक तथा उपभोक्ता समुहहरु बीच आपसी समन्वय, सहकार्य, अन्तरक्रिया तथा छलफल जरुरी छ ।

## सन्दर्भ सामग्री


- वन तथा कृषि सहज कार्यक्रम : वन तथा कृषि उद्यमका नीतिगत र कानुनी अवसर, चुनौती र सुधारका क्षेत्रहरु, २०७४
- औधोगिक नीति २०६७, राष्ट्रिय कृषि-वन नीति, २०७६, राष्ट्रिय वन नीति २०७५
- फरेष्ट एक्सन नेपाल, २०७१, हाम्रो वन सम्पदा वर्ष १२ अंक १
- Forest Action Nepal 2016: Promoting Forest Based Enterprises in Nepal: Lessons from Piloting Activities in Koshi Hill Districts
- ANSAB 2009: Challenges and Opportunities for Nepal's Small and Medium Forest Enterprises (SMFEs)



यो नीति पत्र टि.डि.एच./वि.एम.जेड.जर्मनीको आर्थिक सहयोग, स्थानिय साझेदार संस्था मानव अधिकार तथा वातावरण विकास केन्द्र, हुरेन्डेक-नेपाल, कालिकोटको सहजीकरणमा संचालित "**ग्रामीण हिमाली क्षेत्रमा दिगो जीविकोपार्जन तथा जैविक विविधता संरक्षण (शुलभ) परियोजना**" अन्तर्गत विभिन्न श्रोतबाट तयार गरिएको हो ।

यस नीति पत्रको मुख्य उद्देश्य ग्रामिण कृषक, वन समुह तथा आम सर्वसाधारण लाई कृषि तथा वनजन्य उद्यमका नीतिगत अवसर र हिमाली क्षेत्रमा कार्यान्वयनमा चुनौती बारेमा जानकारी गराउनु हो ।


## अन्य जानकारीको लागि


ग्रामीण हिमाली क्षेत्रमा दिगो जीविकोपार्जन तथा जैविक विविधता संरक्षण (शुलभ) परियोजना

मानव अधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक, नेपाल), कालिकोट

साझेदार संस्था

मालिका सामुदायिक विकास केन्द्र (एम.सी.डि.सी), मुगु

ग्रामिण जनउत्थान विकास कार्यक्रम (आर.पि.यु.डि.पि.), हुम्ला

फोन नं: ०८७-४४०१५२ (कालिकोट), ०१-५१०४७१६ (काठमाडौँ),
०८३-५२५७३६ (सुर्खेत)

ईमेल: info@hurendec.org.np, वेभसाईट: www.hurendec.org.np


terre des hommes Help for Children in Need

जर्मन सहयोग DEUTSCHE ZUSAMMENARBEIT

हुरेन्डेक-नेपाल HuRENDEC-NEPAL